# रोचक घटना नं ४६
# २ राजा १७ र २५

**कथाको मूख्य सारः परमेश्वरले इस्राएल र यहूदालाई उनीहरूको अनाज्ञाकारिताको निम्ति सजाय दिनुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- आठौँ शताब्दीको मध्यतिरको समयमा अश्शूरी साम्राज्य एकदमै शक्तिशाली भएको थियो । जब उत्तरी राष्ट्र इस्राएलमा होशे अगमवक्ताले सेवाकाई गरिरहेका थिए, ई.पू.७२५ मा अश्शूरीहरूले इस्राएलमाथि आक्रमण गरेर विजय हासिल गरेका थिए । प्रायजसो इस्राएलीहरू उत्तरी मेसोपोटामिया (उत्तरी इराक र उत्तरी इरान) पठाइएका थिए ।
- इस्राएलीहरू जबदेखि परमेश्वरसँग करारमा बाँधिएका थिए, तबदेखि उहाँप्रति अझ धेरै उत्तरदायी हुनुपर्ने थियो भनेर; आमोसले अगमवाणी गरेका थिए आमोस ३:२ हेर्नुहोस् । यरोबामको समयदेखि यता इस्राएलीहरूले लगभग २०० वर्षसम्म परमप्रभुमाथिको आफ्नो विश्वास त्यागेका थिए । त्यसकारण अश्शूरी साम्राज्यलाई प्रयोग गरेर परमेश्वरले उनीहरूलाई देशबाट हटाउनुभयो ।
- जब इस्राएललाई मेसोपोटामियामा निर्वासनमा लगियो, यहूदाको दक्षिणी राष्ट्र राजा हिजकियाहको नेतृत्वमा मीका र यशैयाको सन्देशप्रति जिम्मेवार भएको थियो । त्यसकारण, परमेश्वरले उनीहरूलाई उहाँले प्रतिज्ञा गर्नुभएको भूमिमा रहन दिनुभयो ।
- सातौँ शताब्दीको बीचमा, नहुमले (दक्षिणी राष्ट्रमा) उनीहरूको हिंसा र मूर्तिपूजाको कारण निनवेको विरूद्धमा अगमवाणी गरेका थिए ।
- दक्षिणी राष्ट्र यहूदामा पनि हबकूकले, बेबिलोनीहरूले यहूदालाई सजाय दिनको लागि आउँदै छन् भनि भविष्यवाणी गरेका थिए । ई.पू ५८८ मा, ठीक त्यस्तै भएको थियो । करिब २ वर्षको लडाइँ पछि, यरूशलेम र यहूदा बेबिलोनी साम्राज्यसँग हारेका थिए । यहूदाका धेरैजसो मानिसहरूलाई बेबिलोनको निर्वासनमा लगियो । केवल गरिबहरूलाई मात्र त्यस ठाउँमा रहने अनुमति दिइएको थियो ।
- परमेश्वरले दाऊदसँग गर्नुभएको करार कहिल्यै पनि जोखिममा परेन ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

हामीले अध्ययन गरेका सबै पाठहरूमा फर्केर विचार गरौं र हामी पाठहरूलाई क्रममा राख्न सक्छौं कि सक्दैनौ भनेर पनि हेर्नेछौं । यहाँ केहि पाठहरूको विषयवस्तुहरू दिईएका छन् ।

१) परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ ।

४) परमेश्वरले मानिस र स्त्रीलाई आफ्नो विशेष मित्र हुनको लागि बनाउनुभयो ।

७) शैतानले आदम र हव्वालाई परिक्षामा पाऱ्यो । आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरेर पाप गरे ।

१२) परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ । परमेश्वरले आदम र हव्वालाई पापको कारण बगैंचाबाट निकालिदिनुभयो ।

१५) मानिसहरू दुष्ट थिए । परमेश्वरले जलप्रलय पठाउनुभयो । नोआले परमेश्वरमा भरोसा राखे र उहाँको आज्ञापालन गरे ।

१८) परमेश्वरले सदोमलाई नष्ट गर्नुभयो किनकि मानिसहरू असाध्यै नै दुष्ट भएका थिए ।

२१) याकूबले एउटा स्वर्गदूतसँग कुश्ती लडेर एउटा नयाँ नाम प्राप्त गरेका थिए ।

२४) परमेश्वरले मोशालाई विशेष तरिकाले बोलाउनुभयो । मोशाले परमेश्वरको आज्ञापालन गरे ।

२७) परमेश्वर बचाउनको लागि सामर्थी हुनुहुन्छ । परमेश्वरले लाल समुद्रलाई दुई भागमा विभाजित गर्नुभयो । परमेश्वरले आफ्ना शत्रुहरूलाई त्यसमा डुबाउनुभयो ।

३०) परमेश्वरले उनीहरूलाई पाल बनाउने आज्ञा गर्नुभयो, जहाँ उनीहरूले उहाँलाई भेट्न र बलिदानहरू चढाउन सक्थे ।

३३) परमेश्वरका मानिसहरूले यो कुरा विश्वास गर्नलाई रोजे कि उहाँले तिनीहरूलाई भूमि दिन सक्नुहुन्न ।

३६) परमेश्वरको सहायताले मानिसहरू प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गरेका थिए ।

३९) इस्राएलीहरूले राजाको माग गरे र परमेश्वरले उनीहरूलाई शाऊल दिनुभयो ।

४२) सोलोमनले परमप्रभुको लागि मन्दिरको निर्माण गरेका थिए ।

४५) भविष्यवक्ताहरूले येशूको बारेमा उहाँ पृथ्वीमा आउनुभन्दा ७०० वर्ष अघि नै बताएका थिए ।

**पाठ शुरू गर्ने क्रियाकलाप: कथाको मूख्य सारको समीक्षा**

शिक्षकले कागजको टुक्राहरूमा यी कथाका मूख्य सारहरू लेखेर तिनीहरूलाई मिसाउनु पदर्छ । कागजको टुक्रामा पाठको संख्या नराख्नुहोस् । बालबालिकाहरूलाई कक्षाको आकारको आधारमा २ वा ३ समूहमा विभाजन गर्नुहोस् । सही क्रममा कथाको सारलाई मिलाउनको लागि प्रत्येक समूहले कति समय लिन्छन् हेर्नुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

के परमेश्वर निष्पक्ष हुनुहुन्छ ? के परमेश्वर धर्मी हुनुहुन्छ ? के परमेश्वर पवित्र हुनुहुन्छ ? के परमेश्वर कृपालु हुनुहुन्छ ? के परमेश्वर धैर्यवान् हुनुहुन्छ ? के परमेश्वर प्रेमिलो हुनुहुन्छ ? के परमेश्वर दयालु हुनुहुन्छ ?

ती सबै प्रश्नहरूको जवाफ चाहिँ - "हुनुहुन्छ" भन्ने नै हुन्छ । यद्यपि, यो कुरा कहिलेकाँही त्यस्तो लाग्दैन । आजको पाठ, दुवै राष्ट्रहरू (इस्राएल र यहूदा) लाई परमेश्वरले गर्नुभएको अनुशासनको बारेमा हो, कारण उनीहरूले उहाँलाई त्याग्ने इच्छा गरेका थिए ।

## कथा भन्नुहोस्

इस्राएल राष्ट्रले झन्डै २०० भन्दा धेरै वर्षदेखि अनाज्ञाकारिताको जीवन बिताईरहेको थियो। परमेश्वरले उनीहरूप्रति धैर्यता राख्नुभयो र उनीहरूको मूर्तिपूजा र मूर्तिको आराधना गर्ने कार्यबाट फर्किनको लागि तिनीहरूलाई प्रशस्त समय दिनुभयो । केहि व्यक्तिहरूले यी कथाहरू हेर्छन् र सोच्दछन् कि परमेश्वर दयालु र प्रेमिलो हुनुहुन्न । वास्तवमा, यसको विपरित चाहिँ सत्य हो ।

परमेश्वरले राष्ट्रलाई चेतावनी दिनको लागि अगमवक्ताहरू पठाउनुभयो । ती अगमवक्ताहरूले मानिसहरूलाई तिनीहरूका परमप्रभु आफ्ना परमेश्वरलाई नत्याग्न आग्रह गरेका थिए। मीका र यशैया जस्ता भविष्यवक्ताहरूले दक्षिण राष्ट्रमा लगभग ई.पू. ७०० तिरको समयमा मानिसहरूलाई परमेश्वरको आउँदै गरेको न्यायको बरेमा बताएका थिए। आमोसले पनि उत्तरी राज्य, इस्राएलका मानिसहरूलाई परमप्रभुसँग करारमा बाँधिएदेखि त झन अझ धेरै उहाँप्रति उत्तरदायी हुनुपर्छ भनेर सुझाव दिएका थिए।

परमेश्वरले इस्राएललाई हराउनको लागि अश्शूरी राष्ट्रलाई प्रयोग गर्नुभयो किनकि उत्तरी राज्य इस्राएलका मानिसहरूले परमेश्वरबाटको आफ्ना अगमवक्ताहरूको कुरा सुनेनन् । धेरैजसो इस्राएलका मानिसहरूले आफ्नो त्यस भूमिलाई छोडेर परदेशमा गएर बस्नुपऱ्यो । तिनीहरू मेसोपोटामिया (उत्तरी इराक र उत्तरी इरान) भन्ने ठाउँमा निर्वासित भएका थिए।

अर्कोतर्फ, यहूदाका धेरै मानिसहरूले भने मीका र यशैयाका भविष्यवाणीहरू सुनेका थिए । परमेश्वरले यहूदा र तिनहरूका आठ जना राजाहरूलाई "असल" भन्नुभयो । ती मध्ये दुईजना राजाहरू त बालक नै थिए जब उनीहरू यहूदाका राजा बनेका थिए। जब योशियाह राजा भए तिनी आठ वर्षका मात्र थिए र योआश मात्र सात वर्षको उमेरमा राजा भएका थिए । ती दुवै जना नै परमप्रभु सर्वशक्तिमान् परमेश्वरको नजरमा असल राजाहरू थिए ।

यद्यपि यहूदा राष्ट्रले यहोवाप्रति गरेको प्रतिबद्धतामा यहूदा खस्किन थाल्यो र परमेश्वरले उनीहरूलाई पनि दण्ड दिने कुराको निर्धारण गर्नुभयो । दक्षिण राज्यमा पनि उहाँप्रति आफ्नो प्रतिबद्धता र विश्वास त्यागेको कारण परमेश्वरले उनीहरूलाई सजाय दिनको निम्ति बेबिलोनीहरूलाई पठाउँदै हुनुहुन्छ भनि हबकूकले यहूदालाई चेताउनी दिएका थिए। यस समयसम्म, बेबिलोनले अश्शूर वा मेसोपोटामिया कब्जा गरिसकेको थियो। बेबिलोन अहिले एकदम शक्तिशाली देश भएको थियो । बेबिलोन यहूदासँग युद्ध गर्न गयो र दुई वर्षको युद्धपछि यहूदाको हार भयो । यहूदा अहिले बेबिलोन साम्राज्यको नेतृत्वले चाहेको जुनसुकै कुराको पनि अधीनमा बस्नुपर्ने भयो। त्यसैले, इस्राएलको मेसोपोटामिया निर्वासनको करिब १३६ वर्षपछि, यहूदाका अधिकांश मानिसहरूलाई बेबिलोनमा पठाइएको थियो । तिनीहरू जान चाहँदैनथे तर तिनीहरू जान बाध्य भए। केवल अति नै गरिबहरूलाई मात्र यहूदामा रहने अनुमति दिइएको थियो। तिनीहरूले उत्तरी छिमेकीहरू, इस्राएललाई के भएको थियो भनेर हेर्नुपर्थ्यो, तर तिनीहरूले त्यसो गरेनन्।

परमेश्वरले यहूदा र इस्राएलका मानिसहरूलाई धेरै असल कुराहरूको प्रतिज्ञा गर्नुभएको थियो । तर उहाँप्रतिको अनाज्ञाकारिताले गर्दा, परमेश्वरले उनीहरूलाई सजाय दिनै पर्ने भयो। के उहाँ अझै प्रेमिलो हुनुहुन्थ्यो ? हो हुनुहुन्थ्यो। के उहाँ अझै दयालु हुनुहुन्थ्यो ? हो हुनुहुन्थ्यो। के उहाँले न्याय गर्नुहुन्छ र पापलाई सजाय दिनुहुन्छ ? हो दिनुहुन्छ।

### कथा भन्ने क्रियाकलापः समयरेखाद्वारा सिकाउने

शिक्षक आफैले चाहेको खण्डमा समयरेखाको निर्माण गर्न सक्नुहुन्छ, जसले एउटा राष्ट्र (इस्राएल) विभाजीत भएर दुईवटा राष्ट्र (इस्राएल र यहूदा) मा परिणत भएको इतिहासलाई देखाउँदछ । यी मितिहरू अनुमानित हुन् ।

इस्राएलको संयुक्त राज्यः

- शाऊल (ई.पू.१०५०)
- दाऊद (ई.पू. १०००)
- सोलोमन (ई.पू.९३०)

विभाजित राज्यः

- यरोबामद्वारा (उत्तरी राज्य) इस्राएलको नेतृत्व (ई.पू.९३०)। ई.पू. ७२२ मा मेसोपोटामियामा निर्वासित भएको ।
- रहोबामद्वारा (दक्षिणी राज्य) यहूदाको नेतृत्व (ई.पू. ९३०)। ई.पू.५८६ मा बेबिलोनमा निर्वासित भएको ।

जब एउटा भविष्यवक्ताको उल्लेख हुन्छ, त्यसमा शिक्षकले भविष्यवक्ताको नामलाई समयरेखामा राख्न चाहेको खण्डमा राख्न सक्नुहुन्छ। उनी उत्तर वा दक्षिण कुनमा थिए ? उनी कुन समय अवधिमा बाँचेका थिए र भविष्यवाणी गरेका थिए ?

## कण्ठ गर्नुपर्ने पद

**२ राजा १७:१९ (टि.बी.एस) -** यहूदाले पनि परमप्रभु आफ्ना परमेश्वरका आज्ञाहरू पालन गरेन, तर इस्राएलले बनाएका तिनीहरूका विधिहरूमा हिँड्यो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

चरण १: "विकल्पहरू विचार गर्नुहोस्" (आफ्नो शरीरको दुवैपट्टि आफ्ना हातहरू बाहिर फैलाउनुहोस्, र तिनीहरूलाई माथि र तल गर्नुहोस् जस्तो कि तपाईं २ चीजहरू तौलँदै हुनुहुन्छ, र बालबालिकाहरूलाई त्यस्तै गर्ने निर्देशन दिनुहोस्) । स्पष्ट र सरल, तपाईंसँग दुईवटा कस्ता विकल्पहरू छन् ? (उदाहरण: तपाईंले झूट बोल्न सक्नुहुन्छ र तपाईंले गरेको गल्तीको लागि समस्यामा नपर्न सक्नुहुन्छ वा तपाईं सत्य बोल्नुहुन्छ र इमान्दार हुन सक्नुहुन्छ)

चरण २: "यसलाई परमेश्वरसँग तुलना गर्नुहोस्" (दुवै हातहरू आफ्नो छातीको अगाडि एकसाथ जोड्नुहोस् र स्वर्गतिर इशारा गर्नुहोस्, बालबालिकाहरूले पनि त्यसै गर्न लगाउनुहोस्) । तपाईंलाई परमेश्वरको बारेमा के थाहा छ जसले तपाईंलाई सही कुरा गर्नको लागि निर्णय लिन मद्दत गर्दछ ? (परमेश्वर सत्य हुनुहुन्छ, उहाँले कहिल्यै झूट बोल्नु हुन्न)

चरण ३: "परमेश्वरको मार्गप्रति प्रतिबद्ध हुनुहोस्" ("थम्ब्स अप" को चिन्ह, वा त्यस्तै प्रकारको केहि संकेत दिनुहोस्) । अहिले नै निर्णय गर्नुहोस् कि जब तपाईंले कुनै विकल्पको अर्थात् छनौटको सामना गर्नुहुन्छ, तपाईंले सधैं परमेश्वरको आज्ञापालन गर्ने उत्तम प्रयास गर्नुहुनेछ, र उहाँलाई खुशी पार्ने काम गर्नुहुनेछ, उहाँ भन्दा माथि अरू कसैलाई पनि राख्नुहुने छैन ।

चरण ४: "परमेश्वरको सुरक्षा र प्रावधानमा भरोसा राख्नुहोस् ।" (दुवै पाखुराले तपाईंको टाउको माथि वृत्त परिधि बनाउनुहोस्, मानौं यो छाता हो, जसले वर्षाबाट तपाईंको रक्षा गर्दैछ) । जब तपाईंले परमेश्वरको आज्ञापालन गर्न रोज्नुहुन्छ , उहाँले धेरै आशिषहरूको प्रतिज्ञा गर्नुभएको छ । यसको मतलब यो सजिलो भन्ने होइन, तर यदि परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने, हाम्रो विरूद्ध को खडा हुन सक्छ ?!? अवश्य नै (कोहि पनि सक्दैन !)

### पद कण्ठ गर्ने क्रियाकलाप: प्रार्थना

बालबालिकाहरूलाई प्रार्थनामा यी निम्न हरफहरू भन्नलाई प्रोत्साहित गर्नुहोस् । यस्तो प्रकारको प्रार्थना गर्न लगाउन सक्नुहुन्छ: "हे परमप्रभु, म तपाईंको आज्ञाहरू पालन गर्नेछु र तपाईंप्रति विश्वासयोग्य बन्नेछु भनेर म प्रार्थना गर्दछु । तपाईंको आदर नहुने काम नगर्नको लागि मलाई मद्दत गर्नुहोस् ।

### बाइबल क्रियाकलाप

इस्राएलका मानिसहरूले उनीहरूको कामको बारेमा राम्रो कि नराम्रो विकल्पहरूको छनौटहरू गरेका थिए ? केहिले राम्रो विकल्पहरूको छनौट पनि गरेका थिए, धेरैले चाहिँ खराब विकल्पहरूको पनि छनौट गरेका थिए । कुनै परिस्थितिमा सही कुरा के हो भनेर हामी कसरी निर्णय गर्न सक्छौं ? यो विशेष गरी तब गाह्रो हुन्छ जब हामी वरपरका सबैले खराब विकल्पहरू छनौट गरिरहेको देख्दछौं । आज हामी चार चरणका प्रक्रियाहरू सिक्नेछौं जसले हामीलाई केहि हदसम्म सही विकल्पहरूको छनौट गर्नको लागि मद्दत गर्नेछ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

शिक्षकले कक्षालाई पाठका मुख्य विचारहरू बारे सोच्न लगाउनुपर्दछ जुन उनीहरू सिकेर घर लान चाहान्छन्। त्यसपछि बालबालिकाहरूलाई १ देखि ५ सम्मको संख्या दिनुपर्दछ। नम्बर १ को समूहले पाठबाट सिकेका मुख्य कुरा बताउनु पर्छ। पाँचै समूहहरूले यस पाठबाट सिकेका मुख्य कुरा भन्ने अवसर प्राप्त गर्नुपर्दछ। विचारहरूमा यी कुराहरू समावेश गर्न सक्दछन्:

- दैनिक आनीबानीहरूमा प्रतिबद्धता
- परमेश्वरले के भन्नुहुन्छ सुन्ने
- परमेश्वरप्रति आज्ञाकारी भई वफादार हुने
- उहाँको विश्वासयोग्य करूणाको लागि परमेश्वरलाई धन्यवाद दिने

**पाठ समीक्षा गर्ने क्रियाकलाप: दोहोऱ्याउने**

पाठबाट सिकेका मुख्य कुराहरू भन्नको लागि शिक्षकले बालबालिकाहरूलाई ५ मिनेटको समय दिनुपर्छ। यदि कक्षामा ५ भन्दा बढि बालबालिकाहरू छन् भने, उनीहरूलाई एकअर्कामा ती कुराहरू भन्न लगाउनुहोस्।

## ५) पाठ लागु गर्नुहोस्

- बालबालिकाहरूको लागि एउटा गृहकार्य तयार बनाउनुहोस्। उनीहरूलाई पहिलो ४६ वटा पाठहरूमा भएको सबै कण्ठ गर्ने पदहरूको समीक्षा गर्न दिनुहोस्।
- कुनै पनि बालबालिका जसले आधा जति कण्ठ गर्ने पदहरू भन्न सक्छ उसले पुरस्कार पाउनु पर्छ।
- कुनै पनि बालबालिका जसले कण्ठ गर्ने पदहरूको दुई तिहाई सुनाउन सक्छ उसले अझ राम्रो इनाम पाउनुपर्छ।
- कुनै पनि बालबालिका जसले सबै कण्ठ गर्ने पदहरू भन्न सक्छ ऊ चाहिँ शिक्षकको सहयोगी हुनु पर्छ।

**पाठ लागू गर्ने क्रियाकलाप: गृहकार्य**

शिक्षकले बालबालिकाहरूलाई कक्षामा छिटो आएर आफ्ना पदहरू पुन: पढ्न लगाउन सक्नुहुन्छ। वा, यदि अभिभावकहरूले सहयोग गरेका छन् भने, शिक्षकले बालबालिकाहरूलाई अभिभावकद्वारा हस्ताक्षर गरिएको नोट माग्न पनि सक्नुहुन्छ जसमा बालबालिकाहरूले सबै पदहरू कण्ठ पारेका छन् भनि लेखिएको हुनुपर्छ।

**कथाको मूख्य सार: परमेश्वरले इस्राएल र यहूदालाई उनीहरूको अनाज्ञाकारिताको निम्ति सजाय दिनुभयो।**

# रोचक घटना नं ४७

# यर्मिया २३, २५, २९ र ३१

**कथाको मूख्य सार : परमेश्वरले यहूदालाई तिनीहरूको अनाज्ञाकारिताको निम्ति सजाय दिनुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- यर्मिया यरूशलेमदेखि करीव ३ माईल टाढा अनातोत सहरमा बस्दथे । उनले यहूदामा लगभग ४० वर्षसम्म अगमवाणी गरेका थिए । उनले यहूदालाई आउँदै गरेको बेबिलोनको आक्रमणमा आत्मा समर्पण गर्नु भनेर चेतावनी दिएका थिए । यहूदाले आत्मा समर्पण गरेको खण्डमा उनीहरूलाई बाँच्ने मौका थियो ।
- जब बेबिलोनीहरूले ई.पू. ५८६ मा यहूदामाथि आक्रमण गरेर यरूशलेम कब्जा गरे, तब राजा नबूकदनेसरले यर्मियालाई यहूदामा नै रहने अनुमति दिएका थिए । यद्यपि, यहूदाका धेरैजसो मानिसहरूलाई आफ्ना घरहरू छोडेर पूर्वतर्फ बेबिलोनमा जान बाध्य गराइयो जहाँ उनीहरू जबरजस्ती श्रमिक बन्नु परेको थियो ।
- यसभन्दा अघि, परमेश्वरले मोशालाई (ई.पू.१४०६ तिर) नै इस्राएलीहरूलाई निरन्तर विद्रोह गरेर नबस्नु अन्यथा उनीहरू निर्वासित हुनुपर्ने छ भनि चेताउनी दिनको लागि प्रयोग गर्नुभएको थियो । परमप्रभुले सोलोमनलाई पनि सोहि प्रकारको चेताउनी (ई.पू.९०६) मा दोहोऱ्याउनुभयो । ई.पू. ५९७ मा, परमप्रभुले यो कुरा प्रकट गर्नुभयो कि निर्वासन ७० वर्ष सम्मको हुनेछ (यर्मिया २९ १० र २५ १२) ।
- निर्वासन तिनीहरूको पाप र विद्रोहको कारणले हो, परमप्रभुले उनीहरूलाई प्रेम गर्न छोड्नु भएकोले होइन ।
- यर्मियाका समकालीन अगमवक्ता हबकूकले, बेबिलोनीहरू पनि यहोवाको विरूद्धमा थिए भनेर यहोवासँग गुनासो गरेका थिए । यद्यपि, हबकूकलाई परमप्रभुले स्पष्ट पार्नुभयो कि बेबिलोनीहरूले पनि परमप्रभुको अनुशासन निर्वासनको अन्त्य पछि मात्र अनुभव गर्नेछन् । परमप्रभुले अरू राष्ट्रहरूलाई पनि सजाय दिनुभयो, केवल बेबिलोनलाई मात्र होइन । यशैयाले पनि अन्य राष्ट्रहरूलाई परमेश्वरले दण्ड दिने कुरा लेखेका थिए (यशैया १३-२३) ।
- परमप्रभुले स्थापित गर्नुहुने नयाँ करारको बारेमा यर्मियाले लेखेका थिए (यर्मिया ३१) । परमप्रभुको नियम ढुंगामा लेख्नुको सट्टा तिनीहरूको हृदयमा लेखिनुपर्ने थियो । यो करारले अब्राहाम वा दाऊदसँगको करारहरूलाई प्रतिस्थापन गर्दैनथ्यो, तर यसले मोशाको करारलाई प्रतिस्थापन गर्दथ्यो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

अब हामीहरूले अहिलेम्म पढिसकेका युगहरू वा समय अवधिहरू र ती प्रत्येकमा भएका केहि विशेष व्यक्तिहरू र घटनाहरूको नामहरू याद गर्नेछौं ।

१. संसारको शुरूवात ।

परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। उहाँले आदम र हव्वालाई आफ्नो विशेष मित्र हुनको लागि बनाउनुभयो ।

२. संसारको शुरूवात ।

लुसिफरले ऊ सर्वोच्च परमेश्वर जस्तै हुन चाहाने निर्णय गऱ्यो र परमेश्वरको विरूद्धमा विद्रोही स्वर्गदूतहरूको पनि उसले नेतृत्व गऱ्यो । उसलाई स्वर्गबाट निकालियो । त्यसपछि, उसले आदम र हव्वालाई परमेश्वरको आज्ञा उल्लङ्घन गर्न लोभ्यायो र तिनीहरूले पाप गरे ।

३. संसारको शुरूवात ।

किनभने पृथ्वीमा यति धेरै हिंसा बढदै गएको थियो, त्यसैकारण परमेश्वरले सारा पृथ्वीमाथि जलप्रलय ल्याउने निर्णय गर्नुभयो । तर नोआले परमेश्वरको दृष्टिमा अनुग्रह पाएका थिए ।

४. संसारको शुरूवात ।

मानिसहरू परमेश्वरकहाँ पुग्ने एउटा धरहरा बनाउन चाहान्थे ताकि तिनीहरूले देवताहरूकोमा पुग्ने प्रवेशद्वार पाउन सकुन्। यसकारण, परमेश्वरले तिनीहरूको भाषाहरू खल्बल्याउनुभयो र यस धरहराको निर्माण गर्ने कार्य बन्द भयो ।

५. राष्ट्रको शुरूवात ।

परमप्रभुले अब्राहामलाई महान् प्रतिज्ञाहरू गर्नुभएको थियो ।

६. राष्ट्रको शुरूवात ।

विशेष काम गर्नको लागि मोशाले परमेश्वरबाट एउटा विशेष बोलावट प्राप्त गरे । उनले सीनै पर्वतमा दश आज्ञाहरू पनि पाए ।

७. भूमिमाथि अधिकार ।

यहोशूले इस्राएलका मानिसहरूलाई प्रतिज्ञा गरिएको देशमा नेतृत्व गरेका थिए ।

८. भूमि माथि अधिकार ।

इस्राएलीहरू परमेश्वरप्रति वफादार रहन असफल भए र यसको लागि उहाँले तिनीहरूलाई सजाय दिनुभयो ।

९. संयुक्त राज्य ।

परमेश्वरले इस्राएलीहरूलाई राजा दिनुभयो । ती राजाहरू मध्ये दाऊद सबैभन्दा महान् थिए ।

१०. विभाजित राज्य ।

सोलोमन परमप्रभुप्रति वफादार हुन सकेनन् जस्तो कि उनका बुवा थिए, त्यसकारण परमप्रभुले राज्य विभाजन गर्नुभयो ।

**पाठ शुरू गर्ने क्रियाकलापः समय रेखाको समीक्षा मिसाउने र मिलाउने**

शिक्षकले प्रत्येक समय अवधि कागजको छुट्टै टुक्रामा लेख्नुपर्दछ । त्यसपछि शिक्षकले कागजको अर्को टुक्रामा प्रत्येक समय अवधिको नाम राख्नुपर्दछ ।

उदाहरणको लागि, आदम र हव्वालाई दुई पटक सूचीबद्ध गर्न सकिन्छ । एक पटक सृष्टि को लागि र एक पटक पतन को लागि ।

त्यसपछि कागजको छुट्टै पानाहरूमा शिक्षकले प्रत्येक समय अवधिमा घटेका घटनाहरू राख्नुपर्दछ ।

सबै कागजका पानाहरू मिसाउनुहोस् र विद्यार्थीहरूको समूह बनाउनुहोस् (प्रत्येक समूहमा ३-४ जना) प्रत्येक युगसँग त्यस समयावधिका मानिसहरू र घटनाहरू मिलाउनुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

साथीहरूबाट प्राप्त गरिने समस्याग्रस्त सन्देशहरूले जहिले पनि हामीलाई चिन्तित बनाउने गर्दछ । तपाईंका साथीहरूले तपाईंलाई भनेका केहि समस्याग्रस्त सन्देशहरू के के हुन् ?

आजको पाठमा हामी समस्याग्रस्त सन्देशको बारेमा सिक्नेछौं जुन उनीहरूको आफ्नै अनाज्ञाकारिताको कारणले गर्दा भएको थियो ।

यहूदाका मानिसहरूलाई बारम्बार चेतावनी आएको थियो । यदि तिनीहरूले विद्रोह गरि नै रहे भने तिनीहरूलाई देशबाट बाहिर पठाइनेछ भनेर तिनीहरूलाई चेतावनी दिइएको थियो । उनीहरू परमेश्वरले प्रतिज्ञा गर्नुभएको भूमिमा केहि समय अवधिको लागि पनि बस्न पाउने थिएनन् । यो कुरा मोशाले उनीहरूलाई सयौं वर्ष अघि नै चेतावनी दिएका थिए । परमप्रभुले सोलोमनलाई चेताउनी दिनुभयो र अब मीकाले पनि तिनीहरूलाई चेतावनी दिएका थिए । तैपनि, तिनीहरूले यहोवालाई आफ्नो जीवनबाट टाढा राखिनै रहे ।

परमेश्वरले आफूले गर्छु भनेर बोलेको कुराको सधैं आदर गर्नुहुन्छ, उहाँले बेबिलोनीहरूलाई यहूदामाथि विजय हासिल गर्नको लागि पठाउनुभयो र पूर्वको निर्वासनमा तिनीहरूलाई सजाय दिनुभयो । इस्राएलको उत्तरी राज्यले लगभग १३६ वर्ष अगाडि निर्वासनको अनुभव गरिसकेको थियो । यहूदाले यसबाट सिक्नुपर्ने थियो, तर तिनीहरूले सिकेनन् । तिनीहरूले परमेश्वरको विद्रोह गर्ने प्रयास गरि नै रहे । हबकूक र यर्मिया एक अर्काको समकालीन थिए; त्यसकारण तिनीहरू लगभग एकै समयमा बाँचिरहेका थिए । जब हबकूकले बेबिलोनमा निर्वासनको समय आउँदैछ भनेर थाहा पाए, उनले परमेश्वसँग यो गुनासो गरे कि बेबिलोनीहरू पनि उहाँको विरूद्धमा छन् । तर यहूदाले सजाय पाए पछि मात्र परमप्रभुले बेबिलोनीहरूलाई पनि सजाय दिनुहुने थियो ।

बेबिलोनीहरू यहूदालाई कब्जा गर्न आए । यो गर्न तिनीहरूलाई दुई वर्ष लाग्यो, तर अन्तमा तिनीहरूले यहूदालाई पराजित गरे । त्यो दिन अत्यन्त दुःखद दिन थियो, जब यहूदाका धेरैजसो मानिसहरूलाई आफ्नो घर छोडेर अर्कै देशमा जानुपर्ने भयो । केहि मानिसहरूलाई यहूदामा बस्न दिइयो तर धेरैले बस्न पाएनन् । यहुदामा बस्ने अनुमति पाएका मध्येका एक भविष्यवक्ता यर्मिया थिए । यर्मिया दुःखी थिए र यहूदाको विद्रोह र उनीहरूको बेबिलोनको निर्वासनमाथि रोएका पनि थिए । उनले यहूदालाई उनीहरूको विद्रोहलाई निरन्तरता नदिनको भनेर बारम्बार चेतावनी दिएका थिए, तर तिनीहरूले उनको सल्लाहलाई ध्यानै दिएनन् ।

तर परमप्रभुबाट एउटा शुभ समाचार भने आउँदै थियो । निर्वासन ७० वर्षसम्म मात्र रहनेछ । यद्यपि तिनीहरूको विद्रोह सयौं वर्ष सम्म चलेको थियो, तिनीहरूको निर्वासन त्यति लामो हुने थिएन । अझ धेरै असल खबर आउँदै थियो: परमप्रभुले दाऊदको आउनेवाला एकजना सन्तानलाई पठाउनुहुनेछ जसले न्याय र धार्मिकता ल्याउनुहुनेछ । यसभन्दा अघि, यशैयाले दाऊदको यस वंशको बारेमा दुःख भोग्ने दासको रूपमा उल्लेख गरेका थिए ।

जब परमेश्वरले आदम र हव्वालाई सजाय दिनुभयो, उहाँले उनीहरूलाई नयाँ वस्त्र लगाईदिएर आशा पनि दिनुभयो । जब परमेश्वरले नोआको दिनका मानिसहरूलाई सजाय दिनुभयो, तब उहाँले अब फेरि कहिल्यै पृथ्वीमा बाढी ल्याउनुहुने छैन भनि इन्द्रेणीको प्रतिज्ञा गरेर उनीहरूलाई आशा पनि दिनुभयो । अब त्यो बेलामा जस्तै, परमेश्वरले यहूदालाई पनि उनीहरूको विद्रोहको लागि सजाय दिँदै हुनुहुन्थ्यो तर उहाँले तिनीहरूलाई आशा पनि दिँदै हुनुहुन्थ्यो । यहूदाका मानिसहरूलाई त्यो देशमा फर्केर जान अनुमति पनि दिँदै हुनुहुन्थ्यो; जसले उनीहरूलाई आशा प्रदान गरेको थियो । परमेश्वरले एकजना उद्धारक पठाउनु हुँदै थियो; जसले उनीहरूलाई अझै ठूलो आशा प्रदान गऱ्यो ।

**कथा भन्ने क्रियाकलाप: परमेश्वरबाटको सन्देशहरू**

जसै शिक्षकले यो कथा भनिरहेका हुन्छन्, बालबालिकाहरूलाई परमेश्वरबाट आएका सन्देशहरूको कुन भाग चिन्तित बनाउने खालको छ र कुन भागले आशा ल्याउँदछ भनेर संकेत गर्न लगाउनुहोस् । शायद उनीहरूले एकपट्टि खुशी भएको अनुहार र अर्कोपट्टि उदास अनुहार भएको चित्र देखाउन सक्दछन् ।

## कण्ठ गर्नुपर्ने पद

**यर्मिया ३१:३३ (टि.बी.एस) -** तर यो चाहिँ त्यो वाचा हो, जो म ती दिनहरूपछि इस्राएलको घरानासँग बाँध्नेछु, परमप्रभु भन्नुहुन्छ । म मेरो व्यवस्था तिनीहरूको अन्तस्करणमा हालिदिनेछु र त्यो तिनीहरूको हृदयमा लेखिदिनेछु। अनि म तिनीहरूको परमेश्वर हुनेछु र तिनीहरू मेरो प्रजा हुनेछन् ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

"शुभ समाचार, खराब समाचार" - तपाईंको कक्षाका बालबालिकाहरूलाई आधा भागमा विभाजन गर्नुहोस्। प्रत्येक समूहको एकजना व्यक्तिलाई लिडर बन्नको लागि छनौट गर्नुहोस् । उ एउटा अलिक ठूलो उमेरको, जिम्मेवार बालबालिका हुनुपर्छ । एउटा लिडरलाई "शुभ समाचार" भन्ने चिन्ह दिनुहोस् र अर्को लिडरलाई "खराब समाचार" भन्ने चिन्ह दिनुहोस्। कथा फेरि भन्नुहोस्, तर यस पटक तपाईंले प्रत्येक पटक शुभ समाचारको बारेमा भन्नहुन्छ, "शुभ समाचार" समुह खुशी व्यक्त गर्नलाई कराउनेछन्। जब हरेक पटक तपाईंले खराब समाचार भन्नुहुन्छ, "खराब समाचार" समूहहरू निराश भएको आवाज निकाल्नेछन् ।

लिडरले विशेष ध्यानपूर्वक सुन्नु पर्छ, र दिइएको चिन्हलाई माथि उठाएर समूहमा भएका बाँकीहरूलाई उनीहरूको पालो भनि संकेत दिनुपर्छ । बालबालिकाहरूको उमेरअनुसार शिक्षकले केहि मद्दतको पनि आवश्यक पर्न सक्छ ।

### पद कण्ठ गर्ने क्रियाकलाप: वचन कार्डको प्रतिस्पर्धा

तपाईंको कक्षालाई २ वा ३ समूहमा विभाजन गर्नुहोस्। प्रत्येक समूहलाई एउटा कार्डहरूको सेट दिनुहोस्। प्रत्येक कार्डमा कण्ठ गर्ने पदको एउटा शब्द हुनुपर्छ । समुहरूले कण्ठ गर्ने पदका शब्दहरूलाई सहि क्रममा राख्ने प्रयास गर्नुपर्दछ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

"को" प्रश्नहरू:

१. यर्मिया को थिए ?

२. यर्मियाको समकालीन को थिए ?

"के" प्रश्नहरू:

१.यर्मियाले यहूदाका मानिसहरूलाई के हुनेछ भनि बताएका थिए ?

२.यहुदाका मानिसहरूलाई के चेतावनी आएको थियो ?

"कहिले" प्रश्नहरू:

१.बेबिलोनले यहूदामा कहिले आक्रमण गऱ्यो ?

२. निर्वासन कति लामो समयसम्म भयो?

"कहाँ" प्रश्नहरू:

१.बेबिलोन कहाँ छ ?

२.यहूदा कहाँ छ ?

"किन" प्रश्नहरू:

१. किन परमेश्वरले आफ्ना मानिसहरूलाई बेबिलोनको निर्वासनमा पठाउनुभयो ?

२. किन यहूदाका मानिसहरूले भविष्यवक्ताहरूको चेतावनीलाई बेवास्ता गरे ?

### पाठ समीक्षा गर्ने क्रियाकलाप: अनुसन्धान क्युब

कक्षालाई दुई समूहमा विभाजन गर्नुहोस्। कुनै एउटा क्यूब किन्नुहोस् वा बनाउनुहोस् र त्यस क्यूबको प्रत्येक भागमा, के, कहिले, कहाँ, किन शब्दहरू लेखेर टाँस्नुहोस्। त्यसपछि, क्यूबलाई समूहमा पालै पालो गुडाउनुहोस् र क्यूबको माथिल्लो भागमा देखिएको प्रश्नको उत्तर दिनुपर्ने हुन्छ। उदाहरणको लागि, यदि क्यूबको माथिल्लो भागमा "किन" भन्ने शब्द देखापर्छ भने, समूहले "किन" भन्ने प्रश्नको उत्तर दिनुपर्छ। शिक्षकले पाठ सम्बन्धित आफ्नै प्रश्नहरू पनि बनाउन सक्नुहुन्छ।

## ५) पाठ लागु गर्नुहोस्

परमेश्वरका वचनहरू हाम्रो हृदयहरूमा छन्। विगतका बाइबलका कथाहरू वा कण्ठ गर्ने पदहरूबाट याद गर्नुहोस्, परमेश्वरको कुन चाहिँ कथाहरूले तपाईंको जीवनशैलीलाई सबैभन्दा बढी प्रभाव पारेको छ।

बालबालिकाहरूले कथाहरू सुनेर कसरी उनीहरूको जीवन परिवर्तन भएको छ भनि विचार गर्नुपर्दछ। विशिष्ट कुन चाहिँ हो त्यो भन्ने प्रयास गर्नुहोस्।

**कथाको मूख्य सार : परमेश्वरले यहूदालाई तिनीहरूको अनाज्ञाकारिताको निम्ति सजाय दिनुभयो।**

# रोचक घटना नं ४८

# इजकिएल ३४-३६ र दानिएल २

**कथाको मूख्य सार : दानिएल र इजकिएलले परमेश्वरको तर्फबाट बेबिलोनमा ईमानदारीपूर्वक बोलेका थिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- जब ई.पू.५९७ मा बेबिलोनका राजा नबूकदनेसरले यरूशलेममाथि विजय प्राप्त गरेका थिए, तब उनले १०,००० मानिसहरूलाई निर्वासनमा लगेका थिए। तीमध्ये २५ वर्षीय इजकिएल पनि थिए जो पूजाहारीहरूको वंशबाट आएका थिए। उनी लेवी कुलको थिए। उनको उमेर अझै ३० वर्ष नपुगेको हुनाले, उनले मन्दिरमा सेवा गरिसकेका भने थिएनन्।

- इजकिएलले वर्णन गरेका छन् कि परमप्रभु न्यायको कुरामा पूर्ण न्याय गर्ने हुनुहुन्थ्यो । पुस्तकको पहिलो २४ अध्यायहरूले यस न्यायको वर्णन गर्दछन् । इजकिएलले अन्यजाति राष्ट्रहरूमाथिको न्याय (अध्याय २५-३२ सम्म) र यहूदा र यरूशलेमको पुर्नस्थापनाको विषयमा पनि (अध्याय ३३-४८ सम्म) वर्णन गरेका छन् ।

- यहूदा र यरूशलेमको पुर्नस्थापनाको सन्दर्भमा, परमेश्वरले उनीहरूलाई नयाँ हृदय र नयाँ आत्मा दिनुहुनेछ भनेर इजकिएलले लेखेका छन्। उनीहरूसँग हाल भएको कठोर हृदयहरू भन्दा फरक, भित्री परिवर्तनले उनीहरूको हृदयहरूलाई परमेश्वर प्रति जवाफदेही बनाउँनेछ। परिणाम भने यर्मियाको नयाँ करार जस्तै छ (यर्मिया ३१-३४)।

- बेबिलोनीहरूले युवाहरूलाई पनि शिक्षा दिने भनेर उनीहरूको घरबाट लगेर गएका थिए। बेबिलोनीहरूले धेरै युवाहरूलाई लगे तापनि हामी उनीहरूमध्ये चार जनालाई मात्र जान्दछौं: दानिएल, हनन्याह, मीशाएल र अजर्याह । युवाहरूलाई दिइने तीनवर्षसम्मको उनीहरूको शिक्षाको अन्ततिर, परमेश्वरले तिनीहरूको पदोन्नती गरिदिनुभयो जब राजाले सपना देखे र दानिएलले बाहेक अरू कसैले त्यस सपनाको अर्थ खुलाउन सकेनन्।

- राजाको अगाडी सपनाको अर्थ व्याख्या गरियो: सुनको टाउकोले राजा नबूकदनेसरलाई संकेत गदर्छ। उनको स्थान चाँदीको कमजोर राज्य (छाती र पाखुराहरू), फारसले लिनेछ। तेस्रो राज्य पितलद्वारा (पेट र तिघ्रा) ले चित्रण गरिएको थियो र सम्भवत: ग्रीसलाई प्रतिनिधित्व गर्दथ्यो । चौथो साम्राज्य फलाम (खुट्टाहरू) र माटोद्वारा (पाउहरू) ले चित्रण गरिएको थियो र यसले अन्य राज्यलाई कुल्चनेछ भनेर अर्थ लगाईएको थियो । यो सम्भवत रोमी साम्राज्य हुनुपर्छ । अन्तिम साम्राज्यलाई ढुंगाले चित्रण गरिएको थियो र यसले परमेश्वरको राज्यलाई प्रतिनिधित्व गर्दछ जुन कहिल्यै नाश हुने छैन भनेर व्याख्या गरिएको थियो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

*समयरेखा: घरबाट लगिएको*

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

- हाम्रो पाठहरूमा सबैभन्दा पहिलो अध्ययन गरिएको समय अवधि कुन थियो ? (शुरूवातहरू) हामीले यस समयावधिको बारेमा सिकेका केहि महत्वपूर्ण पाठहरू के के थियो ?
- त्यसपछिको अर्को समयको अवधि कुन हो ? (राष्ट्रको शुरूवात) हामीले यस समयावधिबाट सिकेका केहि महत्वपूर्ण पाठहरू के के हुन् ?
- त्यसपछि अर्को समय अवधि कुन हो ? (भूमि अधिकार गर्ने) हामीले यस समयावधिबाट सिकेका केहि महत्वपूर्ण पाठहरू के के हुन् ?
- यसपछिको अर्को युग वा समय अवधि कुन हो ? (संयुक्त राज्य) यस समय अवधिबाट हामीले सिकेका केहि महत्वपूर्ण पाठहरू के के हुन् ?
- अर्को समय अवधि कुन हो ? (विभाजित राज्य) हामीले यस समयावधिबाट सिकेका केहि महत्वपूर्ण पाठहरू के के हुन् ?

## ३) पाठ सिकाउनुहोस्

आजको पाठ दुई युवाहरूको बारेमा हो जसले परदेशमा पनि परमेश्वरलाई आदर गरेका थिए । ती मध्ये एकजना किशोर (दानिएल) थिए र अर्को एक जवान वयस्क (इजकिएल) थिए ।

यदि तपाइँ परमेश्वरलाई आदर गर्न चाहानुहुन्छ भने आजको संस्कृतिमा तपाइँले कस्ता चुनौतीहरूको सामना गर्नुपर्छ होला ?

**पाठ शुरू गर्ने क्रियाकलाप: कार्डहरू**

शिक्षकले कागजको टुक्राहरू वा ३/५ को कार्डहरूमा वा कागजको टुक्रमा एकातिर समय अवधि र अर्कोतिर कथाको मूख्य सार लेख्न सक्नुहुन्छ ।

विद्यार्थीहरूले समय रेखासँगै कथाको मूख्य सार मिलाउनको लागि शिक्षकको सहयोगद्वारा हजिरी जवाफ पनि खेल्न सक्छन् ।

उनीहरू प्रान्तका शासक र भविष्यवक्ता, जस्ता नै थिए। हो हामी दानिएल (प्रान्तका शासक) र इजकिएल (भविष्यवक्ता) को कुरा गर्दैछौँ । उनीहरू दुवै जवान थिए र उनीहरू दुवैले जे बोले, त्यसरी नै जीवन बिताएका थिए, र उनीहरूले परमेश्वरबाट ल्याएका सन्देशहरूद्वारा परमेश्वरको आदर र महिमा गरेका थिए ।

जब बेबिलोनीहरूले यरूशलेममलाई पराजित गरे र इजकिएललाई यरूशलेम छाड्न बाध्य तुल्याए, त्यसबेला उनी एउटा जवान मानिस थिए । इजकिएल सम्भवतः २५ वर्षका थिए । उनी पूजाहारीहरूको परिवार अर्थात् घरानाबाट आएका थिए ।

यसकारण, जब इजकिएल र अन्य हजारौँले घर छोडेर पूर्वतिर बेबिलोनको यात्रा गरे, तब तिनीहरूले सबै कुराहरू पछाडि नै छोडेर आएका थिए । एउटा कुरा जुन इजकिएलले पछाडि छोडेनन्, त्यो थियो परमेश्वरमा उनको विश्वास । यरूशलेममा रहँदा, उनलाई परमेश्वरमा विश्वास थियो । अब बेबिलोनमा पनि उनी त्यस विश्वासमा र केवल परमेश्वरमा निर्भर भएर नै हुर्केका थिए ।

इजकिएल एउटा लेखक भविष्यवक्ता थिए जसले राष्ट्रहरू र परमेश्वरले उनीहरूमाथि गर्नुहुने न्यायको बारेमा धेरै कुराहरू बताएका थिए । उनले निर्वासनमा लगिएकाहरू यरूशलेममा फर्कने र कसरी परमेश्वरले आफ्ना जनहरूको हृदयमा उहाँका नियमहरू लेख्नुहुन्छ भन्ने बारेमा पनि लेखेका थिए । मानिसहरूका पापहरूका कारणले इजकिएलका धेरै जसो सन्देशहरू परमप्रभुको न्यायको बारेमा सम्बन्धित थिए । यद्यपि, इजकिएलले आशा पनि प्रदान गरेका थिए जब उनले परमप्रभुले मानिसहरू भित्र उहाँको व्यवस्था राख्नुहुनेछ भनि लेखेका थिए । त्यो साँच्चै नै अविश्वसनीय कुरा थियो !

बेबिलोनमा इजकिएलको समकालीन दानिएल थिए। दानिएल सम्भवतः किशोरावस्थाका थिए र बेबिलोनी शिक्षा प्रणालीबाट उनी शिक्षित गराईएका थिए । उनी र उनका तीन ईश्वरीय साथीहरूले बेबिलोनमा परमप्रभुको आराधना गर्ने र उहाँको निम्ति जीउने निश्चय गरेका थिए ।

एक दिन, बेबिलोनका राजाले एउटा सपना देखे जसको अर्थ कसैले खोल्न सकेनन् । यसले राजालाई यति क्रोधित बनायो कि उनले आफ्ना सबै सपनाका अर्थ खोल्नेहरूलाई मृत्युदण्ड दिन चाहान्थे । परमेश्वरले सपनाको अर्थ दानिएललाई प्रकट गरिदिनुभयो । यो धेरै अनौठो सपना थियो ।

सपना यसरी शुरू हुन्छः त्यहाँ धेरै धातुहरूले बनेको एउटा शरीरको मूर्ति थियो । टाउको सुनले बनिएको थियो । यसले बेबिलोनका राजालाई प्रतिनिधित्व गर्दथ्यो । छाती र हातहरू चाँदीले बनिएका थिए, जुन सुन भन्दा कमजोर थियो । चाँदीको छाती र हातहरू बेबिलोन पछिको अर्को साम्राज्यलाई प्रतिनिधित्व गर्दथ्यो जुन फारस हुन सक्थ्यो । शरीरको अर्को भाग पीतलको पेट र तिघ्राहरू थिए । यो पीतलको राज्य, शायद ग्रीस, जसले समस्त संसारमा नै शासन गर्ने थियो । शरीरको अर्को भाग फलामको खुट्टा र फलाम र माटोका गोडाहरू थिए । यो चौथो राज्य शक्तिशाली हुनेथियो, यति शक्तिशाली कि यसले अरू सबैलाई कुचल्न सक्ने थियो । हामी यसलाई रोमी साम्राज्य हुनसक्ने अनुमान गर्नसक्छौँ । पछि, त्यो विभाजित हुन सक्थ्यो । अन्तिम राज्य पत्थरको राज्य थियो । पत्थरको राज्य जुन मानव हातले बनाइएको थिएन । यो परमेश्वरको राज्य थियो जुन कहिल्यै नाश हुने छैन ।

**कथा भन्ने क्रियाकलाप : परमेश्वरबाटका सन्देशवाहकहरू**

आधा कक्षालाई “दानियल संवाददाता” र आधा कक्षालाई “इजकिएल संवाददाता” बन्न लगाउनुहोस् ।

यी दुई व्यक्तिको बारेमा विद्यार्थी संवाददाताहरूले सोध्न मन लागेको कुनै पनि प्रश्न शिक्षकलाई सोध्नु पर्नेछ । हरेक बालबालिकाहरूलाई कम्तिमा एउटा प्रश्न सोध्नलाई प्रोत्साहित गर्नुहोस् जुन शिक्षकले कथा भनिरहँदा उनीहरूले सोचेका हुनसक्छन् ।

शिक्षकले ती दुवै समूहका संवाददाताहरूले उठाउनु भएको प्रश्नहरूको उत्तर सकेसम्म बाइबलिय दृष्टिकोणबाट दिनको लागि सक्दो उत्तम प्रयास गर्नुपर्दछ ।

## कण्ठ गर्नुपर्ने पद

**इजकिएल ३६:२६ (टि.बी.एस)** - अनि म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु र तिमीहरूभित्र एउटा नयाँ आत्मा हालिदिनेछु; अनि तिमीहरूको मासुबाट म त्यो ढुङ्गाको हृदय निकालिदिनेछु र तिमीहरूलाई एउटा मासुको हृदय दिनेछु ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

धेरै वर्ष अघि नै, दानिएलले बेबिलोनमा सामना गर्नु परेका थुप्रै छनौटहरूको सूची बनाउनुहोस् । (उनले केहि निश्चित खानेकुराहरू मात्र खाने प्रतिबद्धता गरेका थिए, तर अरू होइन जस्तो कि राजाले दिएको मासु । राजाले जेसुकै आदेश गरे तापनि उनले साँचो परमेश्वरसँग हरेक दिन प्रार्थना गरेका थिए ।)

यस पाठ भन्दा २ वटा पाठ पहिलेको क्रियाकलापको समीक्षा गरौं- जहाँ सही छनौटहरू गर्नको लागि ४ वटा - चरणका प्रक्रियाहरू दिईएका छन् । यस प्रक्रियालाई दानिएल र उसले सामना गर्नु परेका छनौटहरूमा लागू गर्नेछौं । जब तपाईं यो गर्नुहुन्छ, बालबालिकाहरूलाई यो याद गराउनुहोस् कि राजाको तरिकाहरू मान्नुको सट्टामा दानिएलले परमेश्वरको तरिकाहरू अपनाएर कार्यहरू गर्दा उनी ठूलो समस्यामा पर्न सक्थे । धेरैजसो समय सही कुराको छनौट गर्नु सजिलो हुँदैन । धेरै चोटि गलत बाटोमा जानु सजिलो हुन्छ, तर अन्त्यमा, सही कुरा गर्नाले सधैं परमेश्वरको सुरक्षा र प्रावधान ल्याउँने गर्दछ । अब तपाईंको बारेमा सोचौं । त्यस्ता परिस्थिति के-के हुन सक्छन् जुन तपाईंले सामना गर्नुपर्ने हुन सक्छ, जहाँ तपाईंले छनौट गर्नुपर्दा सजिलो थिएन र हुँदैन । बालबालिकाहरूलाई उनीहरूले सामना गर्नुपर्ने र गर्नु परेका परि स्थितिहरू बताउने अनुमति दिनुहोस्, तर यदि उनीहरूसँग भन्नको लागि कुनै त्यस्तो विचारहरू छैनन् भने उनीहरूको परिस्थितिका लागि उपयुक्त हुने केहि कुराहरू भन्नको लागि विचार गरिराख्नुहोस् । ४ वटा चरणका प्रक्रियाहरूको माध्यमद्वारा यो गर्नुहोस् किनकि यी चरणहरू उनीहरूले गर्न सक्ने छनौटहरूसँग सम्बन्धित छन् ।

### पद कण्ठ गर्ने क्रियाकलाप : वचनको शब्द समिश्रण

कागजको पन्नामा कण्ठ गर्ने पदको शब्दहरू लेख्नुहोस् । अनि पदमा भएका प्रत्येक शब्दलाई एउटा संख्या दिनुहोस् । संख्याहरूको छेउमा, पदका भत्काइएका/अनियमित बनाएर बिगारिएका शब्दहरू लेख्नुहोस् । पदको यी प्रत्येक शब्दहरू यसको सहि क्रममा मिलाउनको लागि तपाईंले आफ्ना बालबालिकाहरूको बीचमा प्रतियोगिता पनि गराउन सक्नुहुन्छ ।

उदाहरण:

| | |
|---|---|
| १. रूहमीलातिई | तिमीहरूलाई |
| २. टाएउ | एउटा |
| ३. सुकोमा | मासुको |
| ४. दहृय | हृदय |
| ५. छुनेदि | दिनेछु |

## ४) पाठको समीक्षा गर्नुहोस्

अन्तिमका दुईवटा कण्ठ गर्ने पदहरूको तुलना गर्नुहोस् र तिनीहरूमा के कुराहरू मिल्दो अर्थात् साझा छन् त्यो हेर्नुहोस्। ती पदहरूमा भएको साझा कुराहरू सूचीबद्ध गर्नुहोस्।

- इजकिएल ३६:२६ - अनि म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु र तिमीहरूभित्र एउटा नयाँ आत्मा हालिदिनेछु। अनि तिमीहरूको मासुबाट म त्यो ढुङ्गाको हृदय निकालिदिनेछु र तिमीहरूलाई एउटा मासुको हृदय दिनेछु।
- यर्मिया ३१:३३- तर योचाहिँ त्यो वाचा हो, जो म ती दिनहरूपछि इस्राएलको घरानासँग बाँध्नेछु, परमप्रभु भन्नुहुन्छ। म मेरो व्यवस्था तिनीहरूको अन्तस्करणमा हालिदिनेछु र त्यो तिनीहरूको हृदयमा लेखिदिनेछु अनि म तिनीहरूको परमेश्वर हुनेछु, र तिनीहरू मेरो प्रजा हुनेछन्।

समान कुराहरू:

- परमेश्वरले लेख्नुहुनेछ
- नयाँ हृदय
- उपहारस्वरूप व्यवस्था वा नयाँ आत्मा, नयाँ हृदय उहाँले दिनुहुन्छ
- उहाँको वचन

**पाठ समीक्षा गर्ने क्रियाकलाप: कण्ठ गर्ने पदको तुलना**

यी पदहरूलाई तुलना गर्नुहोस् र याद गर्नुहोस् कि यी पदहरू एउटै समय अवधिका समकालीनहरूले दुई फरक फरक स्थानहरूबाट एक अर्काले के लेखेका थिए भन्ने कुराको ज्ञान बिना नै लेखेका थिए। यर्मियाले यहूदाबाट लेखेका थिए भने इजकिएलले बेबिलोनबाट लेखेका थिए।

परमेश्वरको यी वचनहरू दुवैलाई प्रेरणाद्वारा लेख्न दिइएको थियो र उनीहरूले परमेश्वरले जे लेख्न भन्नुभयो त्यहि नै लेखेका थिए।

## ५) पाठ लागु गर्नुहोस्

दुई जना साहसी युवकहरूले परमेश्वरको पक्ष लिए। तिनीहरूले परदेशी भूमिमा बस्दा पनि परमेश्वरको आराधना र आज्ञापालन गरेका थिए।

एउटा परमेश्वरलाई चिनेको केटा अर्थात् केटी भएको कारण तपाईंले पमेश्वरको आदर गर्न सक्ने केहि निश्चित तरिकाहरू के के हुन सक्छन् ?

घरमा ? विद्यालयमा ? परिवारसँग ? साथीहरूसँग ?

**कथाको मूख्य सार : दानिएल र इजकिएलले परमेश्वरको तर्फबाट बेबिलोनमा ईमानदारीपूर्वक बोलेका थिए।**